# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## शे फोक्सुण्डो गाउँपालिका
## डोल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
( कर्णाली प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. : १०२ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शे फोक्सुण्डो गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड २२ लाख ६१ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८।०७।१६ मा प्राप्त प्रतिक्रियाबाट रू.२८६५०।०० फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १० लाख ७७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९ लाख ९७ हजार, नियमित गर्नुपर्ने रू.१ लाख ५८ हजार रहेको छ ।पालिकाको गतवर्ष २ करोड ८ लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू २ करोड ३५ लाख २९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

शे फोक्सुडो गाउँपालिका डोल्पा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | २० | १२२६१ | ० | २ | २९ | ५२ | १८ | १२२३२ | १०७७ | १५८ | १०९९७ | ० | ० | १११५५ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शे फोक्सुडो गाउँपालिका डोल्पा | २०८४१ | ० | ९५४४ | ११२९७ | ० | १२२३२ | २३५२९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : शे फोक्सुण्डो गाउँपालिका, डोल्पा , से फोक्सुँदो गाउँपालिका , डोल्पा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | केशवराज शर्मा | २०७८-९-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तुलाचन्द्र बुढा | २०७८-१-१ | |
| | | **बेरुजु रकम** | १२,२३२,३६१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,३८,१४,३०५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १८,५६,३४,९५० | **चालु खर्च** | ११,३६,६०,४९१.८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५९,०६,८८७ | **पूँजीगत खर्च** | १४,८४,५९,८९९.६३ |
| **राजश्व बाँडफाँट** | ३,५४,२५,२५१ | **वित्तीय/अन्य व्यवस्था** | ३,१०,४९,४७३.८७ |
| **आन्तरिक आय** | १३,६८,०१८ | | |
| **अन्य आय** | ६,९२,०३,६८६ | | |
| **कुल आय** | ३१,७५,३८,७९२ | **कुल खर्च** | २९,३१,६९,८६५.३ |
| **बाँकी मौज्दात** | | ४,८६,२९,२४६.५३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ। | |

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालुखर्च | | ११३६६०४९१।८० |
| | क) धरौटी मौज्दात | | ६१७०७६७। | २ | पूजीगत खर्च | | १४८४५९८९९।६३ |
| | ख) बैंक मौज्दात | | १७६३६४२७।१७ | ३ | प्रदेश कोरोना कोष खर्च | | ६९४५८९। |
| | ग) प्रकोप व्यवस्थापन | | ७१११। | ४ | वित्तिय व्यवस्था भुत्तानी | | |
| २ | राजश्व (आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजश्व | | १३६८०१८। | | ख) व्याज भुक्तानी | | |
| | ख) राजश्व वाँडफाँड | | ३५४२५२५१।४१ | | ग) अन्य भुक्तानी | | |
| | ग) राजश्व वाँडफाँड प्रदेश | | ६६२६०।७४ | ५ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | | क) ऋण लगानी | | |
| | क) वित्तिय समानिकरण अनुदान | | ६७२०००००। | | ख) शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | १०२३४८८४१। | | ग) अन्य लगानी | | |
| | ग) समपुरक अनुदान | | २४०००००। | ६ | धरौटी फिर्ता | | १२३१९११। |
| | घ विशेष अनुदान | | १३६८६१०९। | ७ | कोष फिर्ता | | २४०३३१४९।८७ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ८ | मौज्दात | | |
| | क) वित्तिय समानिकरण अनुदान | | १०१७७०००। | | क) बैक मौज्दात | | ४२०५८८७२।५३ |


https://nams.oag.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | | ५००००००। | | ख) नगद मौज्दात | | |
| | ग) समपुरक अनुदान | | ३९०६८८६।९० | ९ | धरौटी मौज्दात | | ६५७०३७४। |
| | घ विशेष अनुदान | | ६८२३०००। | १० | कोरोना कोष मौज्दात | | ०। |
| ५ | अन्य आय | | ०।०० | ११ | बेरुजु दाखिला | | ५०८९८२४। |
| ६ | प्रदेश कोरोना कोष | | १००००००। | | | | |
| ७ | विषयगत निकायबाट प्राप्त | | ६६५७२०७६।५० | | | | |
| ८ | धरौटी आय | | १६३१६०९। | | | | |
| | जम्मा | | ३४१७९९१११।८३ | | जम्मा | | ३४१७९९१११।८३ |

**परिचयः**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत ९ वडा, 42 सभा सदस्य, 123.7वर्ग किलोमिटर क्षेत्रफल तथा 3,099 जना जनसंख्या रहेको छ।

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथामार्गदर्शनलाई आधार मानी कार्यालयको आर्थिक बर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक बिवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको हो । सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कार्यालयका सम्वन्धित पदाधिकारीहरु संगमिति २०७८।६।१२ मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्:

| | | | | |
|---|---|---|---|---|
| | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ । | |
| २ | | | **ऐनको कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(7)मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७8(5)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्जनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो । गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन । यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन । गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ । | |
| ३ | | | **जिम्मेवारी फरक परेको–**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१५९६७८३८।३३ वैँक मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१७६३६४२७।१७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६६८५८८।८४ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु......... | १,६६८,५८८.८४ |
| ४ | | | **बैक हिसाब मिलान नगरेको–**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण आर्थिक वर्षको अन्तमा निम्नानुसार फरक पर्न गएको छ । यस सम्बन्धमा पालिकाले संचित कोषमा जम्मा भएको सामाजिक सुरक्षाको रकम रु=-५०८९८२४र प्रकोप व्यवस्थापन कोषको गत आर्थिक वर्षमा अल्या गर्ने छुट रकम ७१११।०० रहेकोले वैँकमा रु-५०९६९३५ आम्दानी वढी देखिएको विवरण पेश गरेको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | ६६०८४९११ | ७११८१८४६ | ५०९६९३५ |
| | | | | ५०९६९३५ |

५

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

· वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

· कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

| | | | | |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>· निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | २०७९-२-३ | **बजेट पेश, पारित र अख्तियारी-**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री धावा सम्डुक गुरुङ्गले मिति २०७६।०३।१० गते रु. २५ करोड ८३ लाख २१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६। ०३ ।१०मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७ साउन १ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता | |

कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८

**गत बर्षको दायित्व -**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा विभिन्न, फर्महरुला्इ ७० लाख ४५ हजार भुक्तानी दिन बाँकी रहेको बिबरण बजेट तथा कार्यक्रममा राखी यो बर्ष भुक्तानी गरेको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

९

**चौमासिक खर्चः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **क्र.स.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च रु हजारमा** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** | |
| १ | गाउँपलिका पुंजीगत खर्च | ६२०५१ | ५५६८ | ७७९५ | ४८६८८ | १६४२८ | |
| २ | संघिय पूँजिगत खर्च | २९५१२ | ० | ० | २९५१२ | २९५१२ | |
| ३ | प्रदेश पुजीगँत | ११६७९ | ० | ० | ११६७९ | ९९२९ | |
| | जम्मा | १०३२४२ | ५५६८ | ६३५० | ८९८७९ | ५०५६८ | |
| | प्रतिशत | | | | ५७।६६ | ४६।७१ | |



https://nams.oag.gov.np

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत तर्फ बार्षिक रु.१० करोड ३२ लाख ४२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.५५ लाख ६८ हजार अर्थात ५-३७ प्रतिशत, दोश्रो चौमासिकमा रु.६३ लाख ५० हजारअर्थात ६-१५ प्रतिशत र तेश्रो चौमासिकमा रु.८ करोड ९८ लाख ७९ हजारअर्थात ८७-०५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ५ लाख ६८ हजार अर्थात ४८-९८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१०

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १८६३०००० | १७९८२९१८ | ९६।५३ |
| २ | पूर्वाधार विकास | १२५८४६२२० | ६५७२१७१८ | ५२।२२ |
| ३ | सामाजिक विकास | १००३६०७५८ | ७५६३१५११ | ७५।३६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३६२७००० | ५६८६८७८ | ४१।७३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ५४०८००८० | ३५९६३१९०।४० | ३१।०५ |
| **जम्मा** | | **३१२५४४०५८** | **२००९८६२१५।४** | ६४।३१ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक सेवामा ७५।३६ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४१।७३ प्रतिशत रहेको छ ।

११

**खर्च बिश्लेषणः**


https://nams.oag.gov.np

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु-१३६८०१८-००राजस्व बाँडफाँड र अनुदानबाट रु-२६४१३७०००-००समेत SuTRA प्रणालीमा रु.२६६०३८०००.००आम्दानी भएकोमा चालु तर्फ रु-९७७४४०००र पूँजिगत तर्फ रु- १०३२४२०००-००समेत रु-२६६०३८०००-०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०-५१प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६३४५९२७।०० खर्च भएको छ जुन आन्तरिक आयको ४६३ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३८-८० प्रतिशत चालु र ३६-७४ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१२

**लक्ष्य प्रगति :**

कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका ३०२ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।समग्रमा प्रगति विवरण विश्लेषण गर्दा १६ वटा आयोजनामा शुन्य प्रगति भएको छ भने ८ वटा आयोजनको लक्ष्यको तुलनामा प्रगति ५० प्रतिशत भन्दा कम रहेको छ । तोकीए वमोजिमको लक्ष्य हासिल हुने गरी बजेट खर्च गर्ने गाउँपालिकाले ध्यान दिनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १०२ | १६ | ४ | ४ | ७८ |

१३

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४

**वडा सचिवको पदपूर्ति :**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको९ दरबन्दी भएकोमा २ पदपूर्ति भई ७ रिक्त भएको देखियो ।वडा सचिव नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले आवश्यक पदहरु पूर्ति गर्नुपर्दछ ।

१५

**सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन,  ३४ वटा नियमावली निर्देशिका र कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| नागरिकता सिफारिस | ८९ |
| **पञ्जिकरणतर्फ** | |
| जन्म दर्ता | २०४ |
| मृत्यु दर्ता | ४७ |
| नाता प्रमाणित | १४ |
| बसाईसराई दर्ता | |
| विवाह दर्ता | ३ |
| सम्बन्धविच्छेद दर्ता | |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| ग्राभेल सडक निर्माण | ० |



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| १६ | | | **योजना छनौट र कार्यान्वयन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५÷७६ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन ।पालिकाले संचालन गरेका अधिकांस योजना उपभोक्ता समिति मार्फत संचालन भएका छन् । कुल योजना मध्ये ५२ वटा उपभोक्ता समितिबाट, ८ वटा निमार्ण व्यवसायी मार्फत र २ वटा अन्य बाट संचालन भएका छन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु ५ लाख सम्म: १३ \| रु ५लाख देखि ५० लाखसम्मका: ४२ \| रु ५० लाखभन्दा बढीको: ७ \| जम्मा: ६२<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५ देखि ५० लाख सम्मका जम्मा ६२ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र १३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १७ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन ।आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १८ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी | |

Nested table in item १६:

| रु ५ लाख सम्म | रु ५लाख देखि ५० लाखसम्मका | रु ५० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|
| १३ | ४२ | ७ | ६२ |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्पकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| १९ | | | **कानून र सञ्चालन स्थिति**– <br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३४वटा नियमावली तथाकार्यविधि लगाय ४३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले ९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २० | | | **न्यायीक समिति**– <br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी कुनै उजुरी नरहेको र यो बर्ष ३ विवाद दर्ता भएकोमा सबै फछ्र्यौट भएको देखिन्छ ।भौगलिक विकटता, शिक्षा र चेतनाको अभाव, विवाद समाधानको परम्परागत प्रचलन र समुदायमा सूचनाको पहुँच नहुदा न्यायीक समितिसम्म उजुरी आउने गरेको देखिएन । न्यायीक समितिमाथी सबै वडावासीको सहज पहुँच हुने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| २१ | | | **आन्तरिक लेखापरीक्षण -** <br> स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिम चौमासिक समाप्त भएपछी एकै पटक कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **आन्तरिक लेखापरीक्षण शाखा :** <br> प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **कार्यविभाजन तथा सम्पादनः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यापालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ सो नियमावलीमा प्रमुख उपप्रमुख वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्ने उल्लेख भएको पालिकाले हाल सम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन । कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नु पर्दछ । | |
| २४ | | | **अनुदान फिर्ता** –<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम लेखापरीक्षणको अवधि मिति २०७८।०६।०४ मानेपाल वैक लिमिटेडमा देहाय अनुसार भौ नं=बाट फिर्ता गरिएको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १०२३४८८४१ | ८३४७१०२२ | १८८७७८१८ | भो नं २३८८४३३ बाट रु= २३९१५२९१ फिर्ता गरिएको |
| | विषेश | १३६८६१०९ | ८६७४४०० | ५०११७०९ | |
| | समपुरक | २४००००० | २४००००० | ० | |
| | अन्य | १८००००० | १८०० | ० | |
| **प्रदेश सरकार** | शसर्त | ५०००००० | ५०००००० | ० | |
| | विषेश | ६८२३००० | ६६७९३७८ | १४३६२२ | भो नं २३८८४३४ बाट रु= १४३६२२ फिर्ता गरिएको |
| | समपुरक | ३९०६८८६।९० | ३९०६८८६।९० | ० | |
| | अन्य | ७७२२००० | ७७२२००० | | |
| | मुख्यमन्त्री रोजगार कार्यक्रम | ३५९१८००० | ३५९१८००० | | |
| | **जम्मा** | | | **२४०३३१४९** | **२४०५८९१३** |

२५ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**–

पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग

गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२८९८५००।०० भुक्तानी दिएको पाईयो ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | र्याकुम पुजा सामाग्री | व्यक्ति | ९८५०० |
| २ | सौर्य खरिद ढुवानी | कृषि वीउ विजन | ४००००० |
| ३ | सौर्य खरिद ढुवानी | कृषि वीउ विजन | ४००००० |
| ४ | गाउँ पालिका महासंघ | आर्थिक सहयोग | २००००० |
| ५ | वेरोजगार व्यक्तिहरुला◌ेइ अनुदान | मुख्य मन्त्री रोजगार कार्यक्रम | १८००००० |
| | जम्मा | | २८९८५००।०० |

यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

२६

**अनुत्पादक खर्च–**

गाउँ पालिकाले वडा स्तरीय आयोजना छनोट गरी कार्यान्वयन गर्दा कतिपय आयोजना वितरणमुखी र अनुत्पादक क्षेत्रमा छनोट गरी कायान्वयन गरिएको छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.४१४००००।०० खर्च गरेको देखिन्छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी रोजगारी सिर्जना हुने क्षेत्रमा खर्च गर्नुतर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम | |
|---|---|---|---|---|
| १ | काराङसिपटोल।डिनमाराङ। तिलिङ ग्यास ग्यास चुलो सेट खरिद वडा नं २ | ग्यास चुलो सेट | ११६००००।०० | |
| २ | वडा नं ६ उपभोक्ता समिति | शौचालय निमार्ण | ४८००००।०० | |
| ३ | साम्येछोइलिङ गुम्बा मर्मत वडा नं ३ | गुम्बा मर्मत | ५०००००।०० | |
| ४ | रापा गुम्बा शौचालय निमार्ण | शौचालय निमार्ण | ५०००००।०० | |
| ५ | भिजेर साम्लिङ गुम्बा निमार्ण | गुम्बा निमार्ण | १००००००।०० | |
| ६ | वडाका सबै घर धुरीमा शौचालय निमार्ण वडा नं ७ | शौचालय निमार्ण | १५०००००।०० | |
| **जम्मा** | | | ४१४००००।०० | |
| | | | | |

यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

२७

**बार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत अनुदात तथा सशर्त समेत वार्षिक रु.१४ करोड ८५ लाख ६० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२८

**निर्माण कार्यको गुणस्तरः**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था

<table>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणला ाइ अनिवार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>• कर दस्तुर एवं आन्तरिक आय<br>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस वर्षको बजेट तथा कार्यक्रममा रु-१० लाख आन्तरिक आय संकलन गर्ने लक्ष्य रहेकोमा रु-१३ लाख ६८ हजार मात्र संकलन भएको देखिन्छ । पर्यटन उधोग प्रचुर सम्भावना, जडिबुटीसंकलन प्रशोधन तथा निकासी चलचित्र पर्यटन लगायतबाट आन्तरिका आय बढाउन सकिने सम्भावना रहेपनि आवश्यक पूर्वाधार र स्रोत परिचालनको दीर्घकालिन नीति तथा कार्यक्रम नहुदा आन्तरिक आय तर्फ गाउँपालिको योगदान ज्यादै न्युन रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>नन्फाइलर–<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.७४३७६५।०० समेत रु.५८५४७२९।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मु=अ=कर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>९५।०७८।३।३०</td><td rowspan="2">निमा लामा ट्रान्सपोर्ट्रेसन</td><td rowspan="2">३०५२१३१५०</td><td>११६००३५</td><td>१३३४५५</td><td>२०७७ देखि</td></tr>
<tr><td>७७।०७८।३।०२</td><td>४६९४६९४</td><td>६१०३१०</td><td>२०७७ देखि</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५८५४७२९</td><td>७४३७६५</td><td></td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रु.</td><td>७४३,७६५</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सशर्त कार्यक्रमतर्फ</td><td>३२५,०००</td></tr>
</table>

**कार्यक्रम सञ्चालनः** कार्यालयले वार्षिक कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस, निर्देशिका र प्रचलित खरिद नियमको पालना गर्नुपर्दछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ ७.१ को-१.वमोजिम कृषि उत्पादन सामाग्री, पशु, नश्ल सुधारमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने उल्लेख छ ।यस कार्यालयले यो वर्ष साना व्यवसयी कृषि उत्पादन केन्द्र लार्इ च्याग्रा तथा थुमा खरिदमा ७५ प्रतिशत सम्म अनुदान उपलव्ध गराएको देखियो । कार्यालयले स्वीकृत नर्म्स भन्दा बढी अनुदान खर्च भुक्तानी दिएको रू.३२५०००/-असुल गरी दाखिला गर्नुपर्दछ, रू.

| सि.नं. | उपभोक्ता समितिको नाम | सम्पन्न भएको कार्य | भुक्तानी रकम | भुक्तानी दिनुपर्ने रकम | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| 1 | साना व्यवसाही कृषि उत्पादन केन्द्र | २१५००००० | १४००००० | १०७५००० | ३२५००० |

३२ **बिल भरपाईः** २,०७५,०००

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा करोवारको लेखा राख्दा प्रमाणितविल भरपाईको आधारमा राख्नु पर्ने र सोही बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले पकेट विकास कार्यक्रम अन्तरर्गत गाउँपालिको वडा नम्बर १ रहेको साना व्यवसायी कृषि उत्पादन केन्द्रका लाभग्राहीको लागि वितरण गर्ने खरिद गरेको १५० गोटा च्याग्रा र १४ गोटा थुमा विभिन्न ६ जना व्यक्ति सँग रु= २०७५२०० मा खरिद गरेको भनी व्यक्तिलाई रकम बझाएको भरपाई संलग्न रहेको छ । उक्त च्याग्रा तथा थुमा कुन कुन किसानलाई कसरी वितरण गरिएको हो सो को पुष्टीहुने वुझेको भरपाई संलग्न गरिएको छैन । तसर्थ उक्त चौपायहरुकिसानहरुले बुझेको भरपाई पेश गर्नुपर्ने रु

३३ **वहु क्षेत्रीय पोषण** १५८,०००

कार्यक्रम अन्तरगर्त विभिन्न सामुदायिक विधालयमा अध्ययनरत विधार्थीलाई हात धुने अभिमुखीकरण कार्यक्रम संचालन गरेकोमा उक्त कार्यक्रम सहभागी विद्यार्थीलाई साबुन खरिदको लागि भनी प्रति विधार्थी १ हजारको दरले १५८ जना विधार्थीलाई रु.१५८०००।०० भत्ता वितरण गरेको देखिन्छ । न्यु जाजरकोट सप्लार्यसबाट रु.९९६५० को सावुन स्याफु मन्जन ब्रस खरिद गरी वितरण गरेकोमा पुनः नगद रकम समेत उपलब्ध गराएको नियम सम्मत नदेखिएको रु============

| क्र.स | गो.भौ.नं.।मिति | विधालयको नाम | विधार्थी सख्याँ | भत्ता रकम |
|---|---|---|---|---|
| १ | १११।२०७८।३।२९ | श्री दशरथ चन्द्र आधारभूत विधालय | २९ | २९००० |
| २ | | श्री शहिद धर्मभक्त आधारभुत विद्यालय वडा नं= ८ | २४ | २४००० |
| ३ | | श्री काराङ गाङजोङ आधारभुत विद्यालय वडा नं= २ | ३५ | ३५००० |
| ४ | | श्री तापिरिजा मा=वि= शे फोक्सुण्डो वडा नं= ८ | ३५ | ३५००० |
| | | श्री शेलरी ढुङ्गा आधारभुत विद्यालय साल्दाङ | ३५ | ३५००० |
| जम्मा | | | | १५८००० |

३४ **नर्म्स भन्दा बढी भुक्तानीः** १२,०००

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७को दफा ७.१.१५ मा गाउँपालिकामा तालिम कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षकलाई प्रति सेशन(घण्टी) रु.७००/-को दरले र कार्यपत्र वापत रु. १४००/-भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारको पोषण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा कार्यपत्र समेत पेश नभएको अवस्थामा प्रशिक्षकलाई नर्म्स भन्दा बढी रु.१२०००।०० भुक्तानी दिएको छ ।बढी भुक्तानी भएको रकम सम्बन्धित बाट असुल गरी दाखिला गर्नु पर्दछ, रू.

| **भौ.नं./मिति** | **कार्यक्रम** | **प्रशिक्षकको सख्याँ** | **सेशन** | **भुक्तानी गर्नुपर्ने** | **भुक्तानी गरेको** | **कर कट्टी बाहेक बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| ५३।०७८।०८।२८ | पोषण कार्यक्रम अन्तर्गत विभिन्न विधालयमा अन्तरक्रिया संचालनको प्रशिक्षणा भना | ८ | ८ | ५६०० | १६००० | १२०००।०० |
| जम्मा | | | | | | १२०००।०० |

३५ **वढी निकासाः** २८,०६८

**२।०७७।०७।१** आर्थिक कार्याविधि २०६४ को नियम ३७।३ मा कुनै रकम को भुक्तानी दिदा रीत पूगे नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्दछ । यस गाउँ पालिकाले निम्न विद्यालयहरुलाःइ शिक्षक हरुको प्रथम चौमासिकको तलब भत्ता निकासा गर्दा विद्यालयको माग भन्दा वढी निकासा दिएको हुनाले उक्त रकम सम्बन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु

| सि.न. | विद्यालयको नाम | माग गरेको रकम | निकासा रकम | वढी रकम |
|---|---|---|---|---|
| १ | श्री शहिद दशरथचन्द्र आ वि | ५५९८८०।४० | ५८१२६०।८० | २१३८०।४० |
| २ | श्री तापीरिचा मा वि शे फक्सुण्डो वडा नं ८ | २३७८०१०।८० | २३८४७३९।४० | ६७२८।६० |
| **जम्मा** | | | | **२८१०९।००** |

३६ **औषधी खरिद–**

४७।०७८।०२।२४सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.९९९१८१।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

३६.१ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

३६.२ आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

३६.३ आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

३६.४ औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३६.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**– <br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन ।अधिकाँश योजना घोडेटो बाटो र पदमार्ग निमार्णमा छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत यस वर्ष २९५ जना लाई रोजगारी उपलव्ध गराई रु.८४ लाख खर्च गरेको छ ।यस कार्यक्रम मार्फत वेरोजगार युवालाई कम्तिमा १०० को रोजगारी प्रदान गर्ने भनिएकोमा एक जनालाई औसत ५५ दिनको रोजगारी प्रदान गरीएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३८ | | | **मुख्यमन्त्री रोजगार** <br>रोजगारीका अवशर सिर्जना गरी बेरोजगार तथा कोभिड १९ कारणबाट स्वदेश तथा विदेशमा रोजगारी गुमाएका युवालाई लक्षित गरी रोजगारी आयआर्जन तथा आधारभूत विकासका क्रियाकलाप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थान गर्ने मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ ।यस कार्यक्रम मार्फत गाउँपालिकामा यस वर्ष २१ वटा कार्यक्रम मार्फत रु ३ करोड ६४ लाख १८ हजार खर्च गरिएको छ । कार्यक्रमको मुख्य उद्देश्य रोजगारीका अवशर सिर्जना, गरिवी निवारण, खाद्य सुरक्षा तथा उत्पादन र उत्पादकत्व वृद्धि रहेता पनि अधिकांश कार्यक्रम घोडेटो बाटो निमाण, कृषि भ"मि घेराबार, चौरी तथा भेडा फार्म लगायतका कार्यमा खर्च भएको छ । खर्चको तुलनामा न्यून रोजगारी सिर्जना, सीपमूलक र उद्यमशील कार्यक्रममा खर्च नहुदा पटके रोजगारी सिर्जनामा केन्द्रित भएको छ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय वमोजिम छन् । | |
| ३८.१ | | | कार्यविधिको दफा ६।२ मा कार्यक्रम कार्यान्वयनको लागि सामाजिक विकास कार्यालय वा विषयगत कार्यालय र सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वीच अनुसूची २ वमोजिमको ढाँचामा कार्याक्रम संचालनको लागि सम्झौता गर्नुपर्ने उल्लेख भएपनि स्थानीय तहले श्रम समिति सँग सम्झौता गरी कार्यक्रम संचालन गरेको, दफा ५ मा श्रमिकको पारिश्रमिक रकम | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनिवार्य रुपमा निजको बैँक खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा अषाढमा पुनः परिपत्र गरी श्रम समितिको खातामा समेत एकमुष्ट भुक्तानी गर्ने सकिने व्यवस्था गरेकोले आषाढ मसान्तमा आएर कार्यक्रमहरु संचालन भएका छन् । कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा निर्देशन दिने कार्यले लाभग्राहीले पाउने सुविधामा विभेद हुन गर्इरहेको छ । कार्यक्रम कार्यान्वयनको शुरुमै कार्यविधि तथा निर्देशन दिने व्यवस्था हुनु पर्दछ । | |
| ३८.२ | | | कार्यविधिको अनुसूची १ मा आयोजना संचालन गर्दा श्रमिकको ज्याला र सामाग्री लागत अनुपात ७०:३०रहेकोमा नाम्दो विधालय भवन निमार्णवडा नं४ , धर्मभक्त आवि छात्रावास निमार्ण वडा नं ४ फोतगाउँ, कु गाउँ, साइलोजर तापरिचा ४ वटा खानेपानि निमार्ण आयोजनामा तोकिएको प्रतिशत भन्दा वढी निमार्ण सामाग्री प्रयोग हुने देखिन्छ । पालिकाले कतिपय आयोजनाको लागत अनुमान तयार गर्दा प्रयोग हुने श्रम र समाग्रीको अलग अलग विश्लेषण गरी अनुसूची वमोजिमको अनुपातमा ध्यान नदिएको र कतिपय आयोजनामा ७० प्रतिशत भन्दा वढी रकम कामदारको ज्याल खर्च लेखेको देखिन्छ ।श्रम र ज्यालाको अलग अलग विश्लेक्षण गरी लागत अनुमान सँग समावेश नभएकोले परियोजनाको सामाग्री प्रयोगको अनुपात विश्लेषणा गर्ने सकिएन ।तसर्थ अनुसूचीमा तोकिए वमोजिमको लागत सामाग्री अनुपातलार्इ ध्यान दिर्इ लागत अनुमात तयार गर्नुपर्दछ । | |
| ३८.३ | | | कार्यविधिको दफा ११ मा कार्यक्रमको अनुगमन गर्न जिल्ला समन्वय प्रमुखको संयोजकत्वमा ४ सदस्य जिल्ला स्तरीय अनुगमन समिति बन्ने, दफा १३ मा सो समितिको प्रतिवेदनलार्इ आयोजना भुक्तानी प्रणालीसँग आवद्ध गराउन सकिने उल्लेख भएकोमा उक्त समितिले अनुगमन गरेको देखिएन साथै गाउँपालिकाले उपाध्यक्ष तथा वडा अध्यक्षको अनुगमन प्रतिवेदनलार्इ आधार लिर्इ भुक्तानी गरेको देखिन्छ। | |
| ३८.४ | | | **वढी भुक्तानीः** काराङ तिलिङ वृक्षारोपण घेराबार लागत अनुमान स्टिमेट १७८४२६१ र कार्यसम्पन्न प्रतिवेदनका आधारमा रु १७८४२६१।४९ भुक्तानी भएको छ । तर कामदारको ज्याला भरपाईमा ९ जनाले ६२ दिन र ११ जनाले ८२ दिन काम गरेको भनी ज्याला वापत्त रु=१५९८८५०।०० मात्र वुझाएको भरपार्इ पेश भएकोले वढी भुक्तानी गएको रु=१६७१५०।०० असूल गर्नुपर्ने रु======<br><br>तसर्थ कार्यक्रमलाई प्रभावकारी बनाउन दीगो रोजगारी सिर्जना गर्ने उत्पादनशील परियोजना छनोटमा ध्यान दिने, अन्तिम भूक्तानी गर्नुपूर्व आयोजनाको लागत प्रगति र खर्चको बिल भरपार्इका सम्बन्धमा सार्बजनिक लेखापरीक्षण गराउने कार्यक्रमको, | १६७,१५० |

| | | | | |
|---|---|---|---|---|
| | | | जि=स=स=, र सम्बन्धित स्थानीयले अनुगमन गर्नु, श्रम र सामाग्रीको लागत अनुपातमा ध्यान दिने, आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिकको सामुहिक दुर्घटना वीमा गराउने विषयहरु सुधार गर्नुपर्दछ । | |
| ३९ | | | **पूँजीगत संघ प्रदेश समानीकरण**<br>**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४० | | | **लागत सहभागिता—**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४१ | | | **शौचालय निर्माण**<br>**वातावरणीय प्रभाव ः** शौचालय निर्माण गर्दा सेनेटरी लगायत शौचालयबाट निस्कने फोहोरको व्यवस्थापन गरी सरसफाइको उचित व्यवस्थापन गर्नु पर्दछ । देहाय अनुसार कार्यालयले सामुदायिक तथा व्यक्तिहरुलाई शौचालय निर्माण गरिदिएकोमा सबैं शौचालयमा सेनेटरीको व्यवस्था तथा सेफ्टीटैकीको व्यवस्था गरेको पाइएन । थोरै जनसंख्या रहेको स्थान शौचालयको प्रयोगले त्यसबाट निस्कने फोहोरा खुल्लाभई वातावरण प्रदुषण हुने र दिशाजन्य रोग हुनसक्ने समस्या रहन्छ । उल्लेखित विषयलाई ध्यानमा नदिई संरचना मात्र निर्माण कार्यमा लेखेको खर्च नियम संगत देखिएन । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.न मिति</td><td>कार्यक्रम नाम रस्थान</td><td>खर्च रकम</td></tr>
<tr><td>२९।०७८।२।२३</td><td>रापा गुम्बा शौचालय निर्माण वडा नं ४</td><td>४८००००</td></tr>
<tr><td>४३।०७८।२।२३</td><td>शे गुम्बा मर्मत शौचालय वडा नं ३</td><td>१९२०००</td></tr>
<tr><td>४७।०७८।२।२३</td><td>कु ग्राम व्यक्तिगत १५ शौचालय निर्माण वडा नं ७</td><td>१४४००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२११२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कार्यक्रम भन्दा फरक कार्यान्वयन<br>पालिकाले योजना कार्यान्वयन सभादारा पास भएका योजना बमोजिम कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम संख्या १०१ मा ५ नम्बर वडा कार्यालयको थप तथा शौचालय निर्माणको लागि बजेट छुटयाएकोमा सो कार्य जगदेखिनै कार्य गराउने गरी रु १७९३८००।१६ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति मार्फत कार्य गराएको छ । साविक भवन मर्मत संम्भार कार्य रहेकोमा त्यस ठाउँमा पुराना प्रयोग हुने काठ तथा ढुंगा पुन प्रयोगको लागत निकालेको छैन । यसले गर्दा पुरानो भवन भत्काई तथा बनाउँदा पुन प्रयोग हुने सामाग्रीको मूल्य बढी भुक्तानी हुने देखिन्छ । पुरानो भवनका पुनः प्रयोग हुने सामाग्रीको गणना नगरी कार्यालयबाट भा.ैन. ५०।०७८।३।३१ मा उपभोक्ता समितिलाई रु १३४४००० भुक्तानी भएको रकममा त्यस्ता सामाग्रीको मूल्य एकिन गरी बढी भुक्तानी भएको रकम फिर्ता गर्नुपर्ने रु...</td><td>१,३४४,०००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सौर्य मिनिग्रिड परियोजना<br>शे फोक्सुण्डो गा.पा को वडा नं ४ को नमो पौभा नाम्दो सीम र ताम्दोक मा १५ कि.वा का २ सौर्य उर्जा उत्पादन गर्न वैकल्पिक उर्जा प्रवद्धन केन्द्र र निर्माण व्यवसायी गोरखा कस्मिक संग रु ५१६०७००६.१५ को लागतमा सम्पन्न गर्ने गरी संझौता भएको थियो । स्थानीय लागत साझेदारी कार्यक्रम अन्तरगत वैकल्पिक उर्जा प्रवद्र्दन केन्द्र र पालिका बिच २०७६।११।४ मा भएको संझौतामा १० प्रतिशत लागत साझेदारी पालिकाले गर्ने उल्लेख छ । उक्त संझौता अनुसार पालिकाले भौ.नं ५८ मिति २०७८।२।२४ मा नोभेम्बर २१ सम्म म्याद रहेको वैंक जमानत लिई संझौता अनुसारको पुरै रकम रु ४१६०७००.६२ को भुक्तानी गरेको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन ।</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>खरिद संझौता वैकल्पिक उर्जा प्रवर्दन केन्द्रबाट भएकोले निर्माण व्यवसायीलाई भुक्तानी गर्ने आधार जस्तै रनिङ्डविल वा अग्रिम<br>पेश्की के हुने भन्ने स्पष्ट नभई पुरै संझौता रकम भुक्तानी गर्ने आधार छैन ।</td><td></td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलीको नियम १२३ बमोजिम निर्माण व्यवसायीले पेश्की लिएकोमा वील विजक पेश गरेको छैन । वील</td><td>५,१६०,७००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | विजकको आभावमा निर्माण व्यवसायीलार्य भुक्तानी हुने रकममा समायोजन हुने मूल्य अभिवृद्धि कर समेत निर्माण व्यवसायीले भुक्तानी पाउने हुदा उक्त भुक्तानीको वील विजक पेश गर्नुपर्ने रु.......... | |
| ४४ | | | **बढी भुक्तानी**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा कुनै पनि वीलको भुक्तानी पूर्व रितपूर्वक भए नभएको जाच गर्नुपर्ने व्यवस्था छ । भौ.नं ६३ ०७८।३। २४ बा कोमास क्यामपिङ साइड घेरावाल निर्माणको आहरमा न ६ मा माटोढ्वरा ढुगां जोडेको वाल निर्माणको कुल कार्यापरिमाण ४०.४१ घ.मी नापीबाट देखिएकोमा सो आइटममा दोहोरो गणना गरी ८१.८१ घ.मी भुक्तानी भएको पाइयो । दोहोरो गणना भई भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समिति बाट भएको श्रमदान घटाई हुन आउने रु २८७४३७.०९ असुल हुनुपर्ने रु.............. | २८७,४३७ |
| ४५ | | | **नपाउने भुक्तानी**<br>सामाजिक सुरक्षा भत्ता वितरणको लागि लाभग्राहीको खाता खोल्ना प्रभु बैकंमा कर्मचारी फिल्डमा खटेको दैनिक भ्रमण भत्ता वील संलग्न गरी सो बैकंका ३ जना कर्मचारीलाई रु ७५००० भुक्तानी दिएको पाइयो । बैंकको आफ्नो व्यवसायीक क्षेत्रमा पर्ने कार्यको खर्च पालिकाले व्यहोर्ने मिल्ने देखिएन । बैंकिग व्यसायको कार्यमा बैंकका कर्मचारीलाई पालिकाले भुक्तानी गरेको रकम असुल गनुपर्ने रु............. | ७५,००० |
| ४६ | | | **स्रोत सुनिश्चत नभएकोः**<br>बहुवार्षिक योजना कार्यान्वयन गर्दा भुक्तानीको स्रोत सुनिश्चत भई योजना आयोगको योजना बैकंमा समेत बहुवर्षिय योजना रुपमा अभिलेख भएको हुनुपर्दछ । पालिकाले संचालन गरेका देहाय अनुसार बहुवर्षिय योजनामा स्रोत सुनिश्चित भएको पाइएन । ति कार्यक्रममा गतवर्ष बजेट फ्रिज भई यो वर्षको बजेटमा गत वर्षको भुक्तानी बांकी जनाई नगर्न सम्पादन गरेको छ । स्रोतको सुनिश्चि नगरी बहुवर्षिय ठेक्का गर्ने र चालु वर्षमा प्राप्त हुने श्रोत गत वर्षको काममा परिचालन कार्यले चालु वर्षमा संचालन गरिने विकास योजनामा असर परेको छ । श्रोत सुनिश्चि नभई ठेक्का बन्दोबस्त कार्यमा नियन्त्रण गर्नुपर्दछ ।<br><table><tr><td>क्र.स</td><td>योजनाको नाम</td><td>श्रोत परिचालन</td><td>खर्च रकम</td></tr><tr><td>१</td><td>गा.पा कार्यालय भवन निर्माण</td><td>कर्णाली प्रदेश समपुरक</td><td>१९५६८८६.९०</td></tr><tr><td>२</td><td>२ वडा स्वास्थ्य भवन निर्माण</td><td>कर्णाली प्रदेश समपुरक</td><td>२९९४२०</td></tr><tr><td>३</td><td>७ वडा स्वास्थय भवन निर्माण</td><td>कर्णाली प्रदेश समपुरक</td><td>१५४६०१८</td></tr></table> | |
| ४७ | | | **काठको प्रयोगः** | |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाको सम्पूर्ण भुभाग शे फोक्सुण्डो राष्ट्रि«य निकुञ्जमा रहेको छ । वन पैदावार प्रयोग गरी उपयोग गरीने काठको प्रयोग गर्दा राष्ट्रि« निकुञ्जसँग सम्बन्धित ऐन नियम अनुसार अनुमति लिनु पर्दछ । देहायका भवन निर्माण उपभोक्ता समितिले विम फलिड झ्याल ढोका लगायतका काठका काम नया नै प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी सोही बमोजिम भुक्तानी गरेको छ । उपभोक्ताको विल साथ काठको कटान अनुमति निकुञ्जबाट लिएको प्रमाण संलग्न गरेको पाइएन । अनुमति वेगर वन पैदावारको प्रयोगले राष्ट्रि«य निकुञ्ज सम्बन्धी कानुनको पालना नहुने वातावरणीय प्रभावमा असर पर्ने र उपभोक्ताले लिएको भुक्तानी समेत सुनिश्चत नहुने हुदा यस प्रकार भुक्तानी गर्ने कार्य नियमसंगत देखिएन । निकुञ्ज भित्रको वनपैदावरको प्रयोग गर्दा अनिवार्य अनुमति लिएको आधारमा माग त्यस्ता कार्यको भुक्तानी गर्नु पर्दछ । नमुना परीक्षण गरिएको केही उदाहरण देहाय अनुसार छन ।
<table>
<tr><th>भौ.न मिति</th><th>कार्यक्रमको नाम</th><th>काठको कामको भुक्तानी</th></tr>
<tr><td>९३।०७८।३।२९</td><td>शे फोक्सुण्डो ३ कार्यालय भवन मर्मत सुधार</td><td>७७१०८६.१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>समानिकरण चालु<br>पारिश्रमिक करःआयकर ऐन, २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएका सवै रकम आयमा समावेश गरी नियमानुसार छुटपाउने रकम कट्टा गरी कर योग्य आयमा तोकिए बमोजिम पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष न कर्मचारीहरूको कूल वार्षिक आयमा नियमानुसार कट्टा गर्नुपर्ने भन्दा रू.२१७८९।०० घटी कर कट्टी गरेको रकम असुल गरी संचित कोषमा दाखिला गर्नु पर्दछ, रू.
<table>
<tr><th>सि.नं.</th><th>नाम र पद</th><th>कूल आय</th><th>करयोग्य आय</th><th>पारिश्रमिक कर</th><th>छुट कर</th></tr>
<tr><td>1</td><td>आइटी अधिकृत दीप प्रसाद वोहोरा</td><td>६४४९९०</td><td>११९९९०</td><td>१३९९८</td><td>७५४९</td></tr>
</table>
</td><td>७,५४९</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>मंहगी भत्ताः<br>१८।०७७।०६।२० निजामती ऐन २०४९ अनुसार करारका कर्मचारीहरुलाई मंहगी भत्ता दिने वा नदिने कुनै व्यवस्था नभएकोले यस कार्यालयमा कार्यरत कास दुर्गा प्रसाद अधिकारी २०७७ साउन महिना देखि २०७८ आषाढ मसान्त सम्म प्रति महिना रु २०००।०० का दरले जम्मा रु २४०००।०० दिएको हुनाले निजबाट असूल गर्नुपर्ने रु==</td><td>२४,०००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>छोरी सुरक्षा कार्यक्रमः<br>१।२०७८।०३।२२कर्णाली प्रदेश सरकारले जारी गरेको वैँक खता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कर्यविधि २०७६ को दफा ३ मा २०७६ साल साउन १ वा सो भन्दा पछी जन्मेका छोरीहरु कार्यक्रममा आवद्ध हुने र दफा ५ मा तोकिएको कार्यविधि पुरा गरी प्रदेश सरकारले छोरी २० वर्षको नहुदा</td><td>४,८००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सम्म जन्मेको पहिलो महिनामा रु१००० र त्यस पश्चालत मासिक रु ५०० का दरले छोरीको नाममा खोलिएको वैँक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । यस गाउँपालिकाले उपलब्ध गराएको प्रमाण अनुसार लाभग्राहीको नाम र जन्म मिति रिनजेन फुटी गुरुङ को जन्म मिति २०७७।०९।१२ र प्रभु वैङ्क लिमिटेडको वैँक खाता अनुसार नाम मिङ्गटेन फुटी गुरुङ्गको नाममा रु ४८०० जम्मा भएकोले लाभग्राहीको नाम एकिन गरी प्रमाण पेश गर्ने अन्यथा असूल गर्ने रु</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>भ्रमण खर्च :<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>· अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत :<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.६ लाख खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु=५ लाख मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।
<table>
<tr><th>सि.नं</th><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत तथा ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr>
<tr><td>१</td><td>डोजर</td><td>१</td><td>६०००००।००</td><td>५०००००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१</td><td>६०००००।००</td><td>५०००००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td>६७,२००</td></tr>
</table>

**सामाजिक सुरक्षातर्फ बढी भुक्तानी** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।पालिकले प्रभु वैंक लिमिटेड मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेकोमा वैङ स्टेटमेन्ट भिडान गर्दा गर्दा निम्नानुसार बढी खर्च भुक्तानी गरेको रकम असूल हुनुपर्ने रु...

| नाम | वैंक खात | पाउनु पर्ने | पाएको रकम | वढी रकम |
|---|---|---|---|---|
| छिरिङ डोल्मा गुरुङ | १६५०१३५०१५३०००११ | ४८०० | ४८००० | ४३२०० |
| सोनम टोफयाल गूरुङ | १६५०१५०४७०१०००१९ | १९२०० | ३८४०० | १९२०० |
| पल्साङ छिरिङ लामा | १६५०१६७१४४२०००११ | ४८०० | ९६०० | ४८०० |
| जम्मा | | | | ६७२०० |

५४

**वढी निकासाः**

१।२०७८।०२।३० यस गाउँपालिकाले तिन चौमासिकको भत्ता वितरण गर्दा एकैपटक वैकला्इ रु २०७८४०००।०० प्रभु वैंक लिमिटेड डोल्पाला्इ लाभग्राहीको खातामा टान्सफर गर्नेगरी रकम ट्रान्सफर गरेको देखिन्छ ।वैंकले जम्मा रु=१५६९४१७६।०० मात्र लाभग्राहीको खातामा वैंकको स्टेटमेन्ट अनुसार देखिन्छ ।यसरी वैङ्कमा रु=५०८९८२४।०० वढी निकासा गएकोमा उक्त रकम बैकबाट फिर्ता गरी लेखापरीक्षणको क्रममा नेपाल बैंक लिमिटेडको भौ=नं २३८८४३५ मार्फत मिति २०७८।०६।०४ मा वैरुजु शीर्षक १५१११ मा दाखिला भएको छ । प्रत्येक आर्थिक वर्षको अन्तमा सामाजिक शुरक्षा वितरण गरी वैकमा वाँकी देखिएको रकम आषाढ मसान्त भित्र नै संञ्चित कोषमा दाखिला हुनु पर्दछ ।

५५

**विपद् व्यवस्थापन**

**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने, दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको

| | | | | |
|---|---|---|---|---|
| | | | अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ ।पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरी २ वटा बैठक गरी गाउँ पालिका प्रवेशको अभिलेख राख्ने, खोप कार्यक्रमको समन्वय बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ। | |
| ५६ | | | **विपद् व्यवस्थापन कोष** –<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात वाहेक रु.१० लाख आम्दानी भई रु.६९४५८९।०० खर्च गरी बाँकी रु.३०५४११।०० देखिन्छ । गाउँ पालिकाले विपद व्यवस्थापन कोष संचालन कार्यविधि तयार नै नगरी कार्यपालिकाको निर्यणबाट खर्च हुने गरेकोले कार्यविधि बनाेइ कोष संचालन गर्नुपर्दछ ।<br>:<br>**वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५७ | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :**<br>भिजेर साल्दाङ गुम्बा निर्माण उपभोक्ता समिति वडा न.5 लाई भुक्तानी गर्दा अनुपातिक कट्टी नगरी भुक्तानी गरेको रकम रु | २६,७१३ |
| ५८ | | | **संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम पुजीगत / चालु**<br>**भुक्तानीमा कर**– आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.५७३९१=०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | ५७,३९१ |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|
| 2078/02/23 | तरकारी पकेट उपभोक्ता समिति | बैकठ भत्ता बापतको | 18994.00 |
| 2078/02/24 | | बैकठ भत्ता | २०८९७ |
| 2078/03/29 | टासी नाम्दो चौरीपालन समुह | अग्रीक कर | 10000.00 |
| 2078/03/29 | प्लाम देखि रिग्म घोरेटो बाटो निर्माण उपभोक्ता समिति | अग्रीम कर | ७५०० |
| | | | ५७३९१ |

५९

**पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०77 को नियम 52(4) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन वाँकीरु ५१६००००।०० देखिएकोले दफा ४४=२ मा समावेश भ◌र्इ सकेको छ भने म्याद भएको वाँकी बेरुजु रु=९०५००००=०० नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ ।

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | वापत | म्याद नाघेको रु | म्याद ननाघेको रु |
|---|---|---|---|---|
| २०७८।०२।२४ | गोर्खा कस्मीक जे.भी. | सोलार मिनिग्रेड निर्माण | ५१६००००. | ० |
| २०७८।०३।२३ | बुद्ध हिमाली कन्स्ट्रक्सन प्रा.लि. | स्वास्थ्य चौकी भवन निर्माण | ० | २९०००००. |
| २०७८।०३।२९ | थोदुङ बुद्ध हिमाली कन्स्ट्रक्सन जे.भी. | मोटरबाटो निर्माण | ० | २४०००००. |
| २०७८।०३।२९ | बुद्ध हिमाली कन्स्ट्रक्सन प्रा.लि. | मोटरबाटो निर्माण | ० | ९५००००. |
| २०७८।०३।२९ | बुद्ध हिमाली कन्स्ट्रक्सन प्रा.लि. | मोटरबाटो निर्माण | ० | १००००००. |
| २०७८।०३।२९ | क्याराभान वुद्ध हिमाली जे भी | प्रशासकीय भवन | ० | १८०००००. |
| जम्मा | | | ५१६००००।०० | ९०५०००००. |

६० २०७९-२-५

**अनुगमन तथा सम्परीक्षण–**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| २०८४१ | ०।०० | २०८४१ |

६१

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| क्र स | आर्थिक वर्ष | दफा | वेरुजुको विवरण | रकम |
|---|---|---|---|---|
| १ | २०७६/७७ | ५४.१ | फोक्सुण्डो ताल मञ्च निर्माण उ स पेश्की | ११००००० |
| २ | २०७६/०७७ | २९.१ | हिउचितुवा संरक्षण कार्यक्रमको भुक्तानि भएको मा विल भरपाइ पेश नभएको | ५००००० |
| ३ | २०७५/०७६ | ४७ | फोक्सुण्डो निर्माण सेवा पेश्की | ८८०३५९ |
| ४ | २०७६/७७ | ४२ | जिन्सि दाखिला नदेखिएको | १००७०० |
| ५ | २०७६/७७ | २६.१ | १४ जनाको हस्ताक्षर नगरि रकम बुझेको भरपाइ पेश गरेको | २०२३९८। |
| ६ | २०७६/७७ | २६.३ | ज्याकेट खरिद गरि प्रहरिलाइ बुझाएको मा उक्त ज्याककेट जिन्सि दाखिला नगरेको | १३२९७५ |
| ७ | २०७६/७७ | ५४.१ | स्वास्थ्य भवन निर्माण तेन दोर्जे निर्माण सेवा पेश्की | १२३१९१० |
| ८ | २०७५/७६ | ४९ | धर्मनिर्माण सेवा स्वास्थ्य भवन निर्माण पेश्की | ९५३०६६। |
| ९ | २०७६/७७ | ५४.१ | निमा लामा निर्माण सेवा पेश्की | ६७५८४५ |
| १० | २०७६/७७ | ५४.१ | रामोछे देखी सेला सम्म घो वा निर्माण उ स पेश्की | ७५०००० |
| ११ | २०७५/७६ | ४८ | क्याराभान कन्ट्रक्सनस्वास्थ्य भवन निर्माण पेश्की | ९९२०२१ |
| १२ | २०७६/७७ | ५४.१ | शेलरी डुग्ड्रा निर्माण सेवा पेश्की | २०२४५०० |
| जम्मा | | | | ९५४३७७४-०० |

६२

**अद्यावधिक वेरुजु**

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २०८४१ | ९५४४ | १२२३२ | ०० | २३५२९ |

**लेखापरीक्षणमा संलग्न पदाधिकारीहरु**

दिनेश चौधरी कमलराज अर्याल कृष्ण प्रसाद भट्टराई

लेखापरिक्षण अधिकारी लेखापरीक्षण अधिकारी निर्देशक